मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौ ३ गते बुधबार ❑ 19 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रधानमन्त्री शाहसँग भारतका सेनाध्यक्ष सेठको शिष्टाचार भेट

**रासस**
काठमाडौं, २ भदौं

प्रधानमन्त्री वालेन्द्र शाहसँग भारतका स्थल सेनाध्यक्ष जनरल धीरज सेठले शिष्टाचार भेट गर्नुभएको छ।

रक्षामन्त्रीसमेत रहनुभएका प्रधानमन्त्री शाहसँग सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा सेनाध्यक्ष सेठले मंगलबार शिष्टाचार भेटवार्ता गर्नुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो । उक्त भेटमा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवसमेत सहभागी हुनुहुन्थ्यो । प्रधान सेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणमा सेनाध्यक्ष सेठ चारदिने भ्रमणको सिलसिलामा आइतबार काठमाडौं आउनुभएको थियो । पाँच सदस्यीय भ्रमण दलमा उहाँकी धर्मपत्नी कोमल सेठ पनि हुनुहुन्छ। सेनाध्यक्ष सेठलाई सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नुभएको थियो । राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा उहाँलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरिएको हो । नेपाल र भारतबीच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने परम्परा छ। सोमबार नै प्रधान सेनापति अशोकराज सिग्देल र सेठबीच द्विपक्षीय भेटवार्तासमेत भएको थियो।



त्यस अवसरमा उहाँहरूबीच आपसी हितका विषयका साथै नेपाल र भारतबीचको द्विपक्षीय सैन्य सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको थियो।

साथै सेनाध्यक्ष सेठले नेपाली सेनालाई सैन्य तथा स्वास्थ्य उपकरण हस्तान्तरण गर्नुभएको थियो । सेनाध्यक्ष सेठ मंगलबार बिहान पशुपतिनाथ मन्दिरमापुगीपूजाआजासमेतगर्नुभएको थियो । मित्रराष्ट्रका उच्चपदस्थ सैनिक अधिकारीको यस किसिमको भ्रमणले दुई देशबीचको सैनिक सम्बन्धलाई अझ विस्तार एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने नेपाली सेनाले जनाएको छ। सेनाध्यक्ष सेठ बुधबार स्वदेश फर्कने कार्यतालिका छ।

## पोखरा-१५ र हरियोखर्क अस्पतालबीच स्वास्थ्य सेवामा पहुँच विस्तारका लागि सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

पोखरा महानगरपालिका वडा नं. १५ र आईएनएफ नेपालअन्तर्गत सञ्चालित हरियोखर्क अस्पतालबीच वडाबासीको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने उद्देश्यले समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

पोखरा महानगरपालिकाका उप–प्रमुख मञ्जुदेवी गुरुङको उपस्थितिमा मंगलबार आयोजित एक समारोहबीच वडा नं. १५ का अध्यक्ष तोरणबहादुर बानियाँ र हरियोखर्क अस्पतालका निर्देशक, चिकित्सा सेवा विभागका डा.अरुणकुमार बुढाले समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको हो । समझदारी अनुसार वडा नं. १५ का नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याउने, स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने, रोग रोकथाम तथा स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने, विपन्न तथा विशेष आवश्यकता भएका नागरिकलाई स्वास्थ्य सेवा र पुनर्स्थापना सेवामा पहुँच बढाउने तथा रेफरल प्रणालीलाई व्यवस्थित बनाउने योजना रहेको अध्यक्ष बानियाले जनाउनु भयो । सम्झौता भाद्र २, २०८३ देखि असार मसान्त २०८५ सम्म लागू हुनेछ । दुवै पक्षको आपसी सहमतिमा यसको अवधि नवीकरण गर्न सकिने व्यवस्था गरिएको छ । सम्झौताअनुसार हरियोखर्क अस्पतालले वडा कार्यालयसँगको समन्वयमा आवश्यकता र स्रोतअनुसार स्वास्थ्य शिविर, स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ। विद्यालय स्वास्थ्य कार्यक्रम, स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि, विशेष आवश्यकता भएका तथा आर्थिक रूपमा विपन्न बिरामीको रेफरल र परामर्शमा समेत अस्पतालले सहयोग गर्नेछ । त्यसै गरी, अस्पतालका उपलब्ध स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक सामग्री वडा कार्यालयमार्फत समुदायसम्म पुर्‍याउने व्यवस्था मिलाइनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वास्थ्य दिवसका अवसरमा समेत समुदाय, विद्यालय तथा सरोकारवालालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। वडा कार्यालयले स्वास्थ्य शिविर तथा सामुदायिक कार्यक्रमका लागि आवश्यक समन्वय, स्थान व्यवस्थापन र समुदाय परिचालनमा सहयोग गर्नेछ । टोल विकास संस्था, महिला समूह, युवा क्लब तथा अन्य सामुदायिक संस्थालाई कार्यक्रममा सहभागी गराउने, कार्यक्रमको प्रचारप्रसार गर्ने तथा आवश्यकताअनुसार नागरिकलाई अस्पतालमा रेफर र सिफारिस गर्ने जिम्मेवारी पनि वडाको हुनेछ। वडा अध्यक्ष तोरणबहादुर बानियाँले वडाबासीलाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याउने उद्देश्यले अस्पतालसँग सम्झौता गरिएको बताउनुभयो । करिब २७ हजार जनसंख्या रहेको वडा नं. १५ का नागरिकले नजिकैबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले सहकार्य अघि बढाइएको उहाँको भनाइ थियो । सम्झौताअनुसार हरियोखर्क अस्पतालको ओपीडी सेवामा हाल कायम ४८५ रुपैयाँ शुल्कमध्ये वडा नं. १५ का वडाबासीले वडा परिचयपत्रका आधारमा ४०० रुपैयाँमा सेवा लिन सक्ने व्यवस्था गरिएको छ। अस्पतालका अनुसार अघिल्लो आर्थिक वर्ष २०८२/८३ मा ओपीडी शुल्क ३५० रुपैयाँ रहेकोमा यस वर्षदेखि सेवा तथा विशेषज्ञता विस्तार भएकाले शुल्क समायोजन गरिएको हो । अब सेवाग्राहीले आवश्यकताअनुसार सिधै विशेषज्ञ चिकित्सकसँग परामर्श लिन सक्ने अस्पतालले जनाएको छ। 'पैसाकै कारण कुनै पनि नागरिक उपचारबाट वञ्चित हुन नपरोस्' भन्ने उद्देश्यले सामाजिक सेवा विभागमार्फत सहुलियत तथा सहयोगसम्बन्धी प्रक्रिया समेत अघि बढाइएको अस्पतालले जनाएको छ । अस्पतालका अनुसार गत वर्ष करिब एक करोड रुपैयाँ बराबरको निःशुल्क उपचार तथा सेवा प्रदान गरिएको थियो । हरियोखर्क अस्पतालमा हाल विभिन्न विधाका करिब २० जना विशेषज्ञ चिकित्सकबाट सेवा उपलब्ध रहेको र १०० शय्याको अस्पताल सञ्चालनमा रहेको आईएनएफ नेपालका कार्यकारी निर्देशक कृष्ण बहादुर अधिकारीले बताउनु भयो। अपाङ्गता पुनर्स्थापना, फिजियोथेरापी, कुष्ठरोग उपचार, बाल स्वास्थ्य तथा प्रशामक सेवासहितका सेवा विस्तार भइरहेका छन्। कृत्रिम अंग निर्माण तथा पुनर्स्थापना सेवामा समेत अस्पतालले विशेष काम गदै आएको उहाँले जनाउनु भयो । अस्पतालले आगामी दिनमा सेवा थप विस्तार गर्दै ५०० शय्याको क्षमतामा विस्तार गर्ने लक्ष्यसहित अघि बढिरहेको कार्यकारी निर्देशक अधिकारीले जनाउनु भयो । अस्पतालका निर्देशक डा. अरुणकुमार बुढाले वडा क्षेत्रमा हुने सामान्य स्वास्थ्य समस्या तथा विभिन्न घटना-दुर्घटनाबाट प्रभावित बिरामीलाई पहिलो प्राथमिकतामा उपचार उपलब्ध गराउने उद्देश्यले सेवा विस्तार गरिएको बताउनुभयो। समुदायसँगको सहकार्यबाट स्वास्थ्य सेवाको पहुँच अझ प्रभावकारी बनाउन सकिने उहाँको भनाइ थियो। पोखरा महानगरपालिकाका उपमेयर मञ्जुदेवी गुरुङले वडा नं. १५ र हरियोखर्क अस्पतालबीच भएको सम्झौता अन्य वडाका लागि समेत नमुना बन्न सक्ने बताउनुभया। उहाँले आधारभू त आवश्यकताका रूपमा रहेको स्वास्थ्य सेवा पछिल्लो

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## विद्युतीय ऊर्जाको प्रयोग बढाउन पोखरा महानगरले सुरु गर्‍यो प्रोत्साहन अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

पोखरा महानगरपालिकाले विद्युतीय ऊर्जाको प्रयोग बढाउने उद्देश्यका साथ प्रोत्साहन अभियान सुरु गरेको छ । बजारमा खाना पकाउने ग्यासको अभाव बढ्दै गएपछि महानगरले विद्युतीय चुल्होलाई विकल्पका रूपमा अघि सारेको हो।

पोखरा-२२ पुम्दीभुम्दीका २०० परिवारलाई आज विद्युतीय चुल्हो वितरण गर्दै महानगरले विद्युतीय ऊर्जाको प्रयोग बढाउने अभियान सुरुआत गरेको हो। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको ७० प्रतिशत र उपभोक्ताको ३० प्रतिशत लागत साझेदारीमा चुल्हो वितरण गरिएको हो । स्थानीयलाई रु चार हजार २०० मूल्य पर्ने चुल्हो प्रदान गरिएको हो। वडा नं २२ का कालाबाङ, भुम्दीलगायत पाँच वटा टोलका परिवारलाई पहिलो चरणमा चुल्हो उपलब्ध गराइएको वडाध्यक्ष हिमलाल बरालले बताउनुभयो । वडाभित्र करिब दुई हजारभन्दा बढी चुल्हो वितरण गर्ने लक्ष्य रहेको उहाँको भनाइ छ।



कार्यक्रमको शुभारम्भ गर्नुहुँदै महानगर प्रमुख धनराज आचार्यले ग्यासको अभावका कारण खाना पकाउन समस्या हुन थालेको अवस्थामा विद्युतीय चुल्हो विकल्पका रूपमा उपयोगी हुने बताउनुभयो।

खाना पकाउन विद्युतीय ऊर्जाको प्रयोग बढाउँदै लैजानसके ग्यासमा हुने परनिर्भरता घटाउनुका साथै स्वदेशमै उत्पादन भएको विद्युत्‌को खपत बढाउन सकिने प्रमुख आचार्यले स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "खाना पकाउन विद्युतीय ऊर्जाको प्रयोग बढाउनसके एलपिजी ग्याससमाथिको परनिर्भरता घटाउन सकिन्छ । यसबाट स्वदेशमै उत्पादन भएको विद्युत्‌को खपत वृद्धि हुन्छ भने उपभोक्तालाई सस्तो पर्छ ।" महानगरपालिकाले वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्दै नागरिकलाई सहज, भरपर्दो र वातावरणमैत्री ऊर्जा उपलब्ध गराउने उद्देश्यले विद्युतीय चुल्हो वितरण थालिएको उहाँले बताउनुभयो । ग्यासको चरम अभाव हुँदा कतिपय परिवारको 'चुल्हो निभ्ने' अवस्था आएपछि सहुलियतमा विद्युतीय चुल्हो उपलब्ध गराउन पहल गरिएको उहाँले बताउनुभयो । ग्यासको अभावका बेला सुरु भएको विद्युतीय चुल्हो वितरण अभियानले तत्कालीन समस्या समाधानमा सहयोग पुगेको स्थानीय दुर्गा बरालले बताउनुभयो । "सिलिन्डर ग्यासका लागि कति दिन लाइनमा बस्दा पाउन सकिएको थिएन । अहिले गाउँमै आएर चुल्हो वितरण गरेर महानगरले हामीलाई धेरै सहयोग गरेको छ", बरालले भन्नुभयो।

पोखराको खाना पकाउने ऊर्जा खपतमा विद्युत्‌को हिस्सा भने हाल निकै न्यून रहेको महानगरले जनाएको छ । महानगरको नगर ऊर्जा योजनाअनुसार खाना पकाउन प्रयोग हुने इन्धनमध्ये एलपिजीको हिस्सा ८४ दशमलव २५ प्रतिशत छ। काठ दाउराको १० दशमलव २०, बायोग्यासको पाँच दशमवल २५ र विद्युत्‌को हिस्सा शून्य दशमलव २३ प्रतिशत मात्रै रहेको छ। पोखरा महानगरपालिकाको पञ्चवर्षीय नगर ऊर्जा योजनाले सन् २०२९ सम्म महानगरभित्रका २५ प्रतिशत घरधुरीमा विद्युतीय चुल्होको पहुँच पुर्‍याउने लक्ष्य राखेको छ। जर्मन अन्तरराष्ट्रिय सहयोग नियोग (जीआइजेड), वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, विन्डपावर नेपाल र युरोपियन युनियनको सहयोगमा पोखरा महानगरपालिकाको सहरी योजना आयोगले तयार गरेको नगर ऊर्जा योजनाले विसं २१०० सम्म पोखरालाई कार्बन तटस्थ सहर बनाउने दीर्घकालीन लक्ष्य अघि सारेको छ।

## सेनाको सहयोगमा बाढीले बगाएको वीरेठाँटी-घान्द्रुक सडक पुनर्निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

कास्कीको अन्नपूर्ण गाउँपालिका-८ स्थित वीरेठाँटी-घान्द्रुक सडकखण्डको पुनर्निर्माण सुरु भएको छ।

अविरल वर्षापछि मोदी खोलामा आएको बाढीले सडक बगाउँदा अन्नपूर्ण गाउँपालिकाका चार वडा सडक सम्पर्कबाट विच्छेद भएका छन्। मोदी खोलाको कटानका कारण वीरेठाँटीमा करिब १०० मिटर कालोपत्र सडक बगाएको छ । बाढी र पहिराले गाउँपालिकाका विभिन्न क्षेत्रमा समेत भौतिक क्षति पुर्‍याएको छ।

विशेषगरी वीरेठाँटी क्षेत्र बढी प्रभावित भएको छ भने चिम्रुङ, हाइजुङलगायत आसपासका क्षेत्रमा पनि बाढीपहिरोले क्षति पुर्‍याएको गाउँपालिकाले जनाएको छ । मुख्य सडकमा क्षति पुगेपछि स्थानीयको दैनिक आवतजावतसँगै पर्यटकीय गतिविधि प्रभावित बनेका छन्। वीरेठाँटीस्थित पुल नजिकै सडक संरचनामा क्षति पुगेको छ भने कतिपय स्थानमा सडक पूर्ण रूपमा बगाएको छ । सडक पुनर्निर्माणका लागि नेपाली सेनाले १०० जना जनशक्ति परिचालन गर्ने भएको छ । गाउँपालिका र प्रदेश सरकारको सहयोगमा अवरुद्ध सडक तत्काल सञ्चालनमा ल्याउने तयारी गरिएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताउनुभयो। उहाँका अनुसार नेपाली सेनाले जनशक्ति उपलब्ध गराउनेछ भने प्रदेश सरकारले आवश्यक तारजाली उपलब्ध गराउनेछ । गाउँपालिकाले जेसिबी र ढुङ्गा उपलब्ध गराउने तयारी गरेको छ । "बाढीले सडक बगाउँदा गाउँपालिकाका चार वडा सडक सम्पर्कबाट विच्छेद भएका छन् । चाडपर्व र पर्यटकीय मौसम सुरु हुन लागेकाले लामो समय सडक अवरुद्ध हुन दिनुहुँदैन भनेर तत्काल मर्मतको काम अघि बढाएका हौं । आजदेखि सडक सञ्चालनका लागि काम सुरु हुन्छ। यसमा प्रदेश सरकार र नेपाली सेनाको महत्वपूर्ण सहयोग रहनेछ।" अध्यक्ष केसीले भन्नुभयो। गाउँपालिकाले विपद्‌बाट भएको क्षति व्यवस्थापन तथा मर्मत-पुनर्निर्माणका लागि विपद् व्यवस्थापन समिति गठन गरेको छ। उक्त समितिमार्फत राहत, पुनर्निर्माण तथा सहयोग जुटाउने काम गरिने गाउँपालिकाले जनाएको छ। विभिन्न सङ्घसंस्था तथा व्यक्तिले सहयोगको घोषणा गरिसकेको अध्यक्ष केसीले बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले पुनर्निर्माणका लागि रु २० लाख सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

वीरेठाँटी घान्द्रुक, छुम्रुङ र अन्नपूर्ण आधार शिविर (एबिसी) जाने प्रमुख प्रवेशमार्ग हो। त्यस्तै, वीरेठाँटी हुँदै तिखेढुङ्गा, उल्लेरी भएर म्याग्दीको प्रसिद्ध घोडेपानी तथा पुनहिल जाने महत्वपूर्ण पर्यटकीय मार्गसमेत यही क्षेत्रबाट सञ्चालन हुँदै आएको छ।

## बङ्गलादेश र नेपालका फोटो पत्रकारद्वारा पोखरामा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

पोखरा भ्रमणमा आएका बङ्गलादेशी फोटो पत्रकार र नेपाली फोटो पत्रकारले पोखरा रङ्गशाला परिसरमा संयुक्त रुपमा वृक्षरोपण गर्नुभएको छ।

दुई देशबीचको भाइचारा एवं मित्रताको प्रतिक स्वरुप आँपलगायत विभिन्न फलफूलका बिरुवा रोपिएको हो। वृक्षरोपणबाट फोटो पत्रकारबीच थप सम्बन्ध सुदृढ हुने विश्वास लिइएको छ । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङको सहयोगमा गरिएको वृक्षरोपणमा बङ्गलादेश फोटो पत्रकार सङ्घका अध्यक्ष ए.के.एम. मोहसिन, राष्ट्रिय फोटो पत्रकार समूहका अध्यक्ष प्रदीपराज वन्तलगायत फोटो पत्रकारको सहभागिता थियो।

समूहका अध्यक्ष वन्तले नेपाल र बङ्गलादेशका फोटो पत्रकारबीच २१ वर्षदेखि कायम भाइचारा र व्यावसायिक सम्बन्धलाई वृक्षरोपणजस्ता सिर्जनशील कार्यले थप प्रेरणा मिल्ने बताउनुभयो । अध्यक्ष मोहसिनको नेतृत्वमा आएको बङ्गलादेशी फोटो पत्रकारको टोलीले सोमबार पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग भेटवार्ता भएको थियो।

भेटमा दुईपक्ष हित तथा जनस्तरमा सांस्कृतिक आदानप्रदानलगायत विषयमा कुराकानी भएको थियो । प्रमुख आचार्यले अन्तरराष्ट्रिय बजारमा पोखराको पर्यटन प्रवर्द्धनका लागि महानगरपालिकाले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको बताउँदै बङ्गलादेशमा पोखराको प्राकृतिक सुन्दरता, संस्कृति, आतिथ्यता एवं साहसिक पर्यटन गतिविधिको प्रचारप्रसार गरिदिन आग्रह गर्नुभएको थियो। बङ्गलादेशी फोटो पत्रकारले पोखराको प्राकृतिक सौन्दर्य र वातावरणले आकर्षित भएको बताएका थिए।

१२ सदस्यीय टोलीमा बङ्गलादेश फोटो पत्रकार सङ्घका अध्यक्ष मोहसिन, महासचिव बाबुल तालुकदार, पूर्वअध्यक्ष ए.बी.एम. रफिकुर रहमानलगायत रहेका छन्। भेटमा राष्ट्रिय फोटो पत्रकार समूहका अध्यक्ष वन्त, महासचिव घनश्याम श्रेष्ठ, सदस्य अजय मानन्धर, कास्की शाखाका अध्यक्ष योगेन्द्र श्रेष्ठ, उपाध्यक्ष वसन्त थापा, सचिव प्रेम थापालगायतको सहभागिता रहेको थियो।

# २७ औं संस्करणको राष्ट्रिय कृष्ण भजन प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

पोखराको बाटुलेचौरमा राष्ट्रिय श्री कृष्ण भजन प्रतियोगिता हुने भएको छ।

शुक्ला साहित्य प्रतिष्ठान पोखरा-१६, बाटुलेचौरको आयोजनामा श्रीकृष्ण जन्माष्टमीको दिन यहि भदौं १९ गते शुक्रबार प्रतियोगिताको २७ औं श्रृखला आयोजना गर्न लागिएको संस्थाले जनाएको छ । प्रतियोगिता संचालनका लागि प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेत गौतमको संयोजकत्वमा मुल आयोजक समिति र बिभिन्न उपसमिति गठन भई तयारी तिब्र पारिएको प्रचार प्रसार उपसमितिका संयोजक सञ्जय थापाले जानकारी दिए।

बाटुलेचौरको ऐतिहासिक खेल मैदानमा हुने प्रतियोगिताका लागि व्यवस्थापनको कार्य सुरु गरिएको छ । भजन समुहलाई पत्राचार देखि आर्थिक सहयोग संकलनकार्यलाईनिरन्तरतादिईएको संयोजक बस्नेतले जानकारी दिईन् । प्रतियोगितामा प्रथम हुनेले १ लाख, द्वितीय हुनेले ५० हजार, तृतीय हुने समुहले २५ हजार र सान्त्वना हुने समुहले १५ हजार पुरस्कार प्राप्त गर्नेछन् ।

सहभागी टिमलाई प्रोत्साहन पुरस्कार समेत प्रदान गरिने प्रतिष्ठानले जनाएको छ ।प्रतियोगिताको द्वितीय पुरस्कार भने राष्ट्रिय परोपकार महासंघ, वडा ईकाइ समिति पोखरा १६ ले प्रायोजन गरेको छ। 'कला सहित्य र संस्कृतिको जगेर्ना हाम्रो गन्तव्य' भन्ने नाराका साथ २०४५ सालमा जन कवि केशरी धर्मराज थापाको अध्यक्षतामा स्थापना भएको यस प्रतिष्ठानले हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीका दिन कृष्ण भजन प्रतियोगिता आयोजना गर्दै आएको छ । यस वर्षपनि प्रतियोगितालाई निरन्तरता दिइएकोअध्यक्षबस्नेतलेबताईन्। प्रतियोगितामा कृष्ण भजनसँगै महाभारतलाई पनि कथा वस्तु बनाएर भजन प्रस्तुत गर्न पाईने उनले बताईन् ।प्रतिष्ठानले राष्ट्रिय भजन प्रतियोगिताबाहेक अन्य साहित्य गोष्ठी, कार्यशाला र सेमिनारहरु पनि आयोजना गर्दै आइरहेको सचिव रामप्रसाद पौडेलले जानकारी दिए। उनले भने,'प्रतिष्ठानले साहित्यिक धरोहर एवम् राष्ट्रिय व्यक्तिहरुको जीवन वृत्तान्त 'समकालिन स्रष्टा र सिर्जना' विशेष परिचर्चा कार्यक्रम पनि गर्दै आएको छ ।' प्रतिष्ठानले स्थापनाकालदेखि नै द्विवार्षिक रुपमा राष्ट्रिय पुरस्कारसँगै साहित्यका विविध विधामा उल्लेखनीय योगदान पुर्याउने व्यक्तित्वहरुको पहिचान गरी, बाल साहित्य पुरस्कार, मदनचन्दा स्मृति पुरस्कार र लोक कवि चेतबहादुर स्मृति पुरस्कारसहित ४ वटा पुरस्कार प्रदान गर्दै आएको छ । यसै बिच प्रतिष्ठानले ज्ञानु-नरहरी राष्ट्रिय साहित्यिक पुरस्कार पनि स्थापना गर्ने भएको छ । प्रतिष्ठानका मानार्थ सदस्य, साहित्यकार नरहरी भट्टराईको ८४ औं जन्मोत्सवको अवसरमा भाद्र ३ गते बुधबार पुरस्कार स्थापनार्थ अक्षयकोष हस्तान्तरण गरिने बताईएको छ। सोही दिन सहस्र पुर्ण चन्द्र दर्शन विशेष साहित्यिक कार्यक्रम गरिने संस्थाले जनाएको छ।

# अन्नपूर्णद्धारा दिवङ्गत पर्वतारोही पुर्जाको सम्मानमा शालिक बनाउने

पोखरापत्र संवाददाता
म्याग्दी, २ भदौं

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले दिवङ्गत कीर्तिमानी पर्वतारोही निर्मल पुर्जा (निम्स) दाईको सम्मान र स्मृतिमा उहाँको जन्मथलोमा शालिक बनाउने भएको छ।

गाउँ कार्यपालिकाको आज बसेको बैठकले गत साउन १४ गते पाकिस्तानको ब्रोडपिक आरोहणका क्रममा हिउँपहिरोमा पुरिएर ज्यान गुमाएका १० सदस्यीय पर्वतारोहण टोलीको नेतृत्व गर्नुभएका पुर्जाको शालिक बनाउने निर्णय गरेको हो । "परिवारका सदस्यहरूको इच्छाअनुसार निर्मलको साहस, बहादुरी र कीर्तिमान तथा योगदानको सम्मानमा अन्नपूर्ण गाउँपालिका-३ दानामा गाउँपालिकाले शालिक बनाउने निर्णय गरेका हौँ", गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले भन्नुभयो, "निर्मलको जन्मथलो अन्नपूर्ण गाउँपालिकाको भूगोलमा पर्ने आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाललाई निम्सदाई अन्नपूर्ण नामाकरणका लागि सङ्घीय सरकारलाई सिफारिस गरेका छौँ ।"

अन्नपूर्णका प्रथम आरोही फ्रान्सका मौरिस हर्जोगको नामबाट नामकरण गरिएको नारच्याङबाट अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्गलाई निम्सदाई मौरिस हर्जोग नामाकरण गर्न हर्जोगका परिवारसँग परामर्श लिएर निर्णय गरिने अध्यक्ष पुनले बताउनुभयो । सन् २०१९ मा पुर्जाले 'प्रोजेक्ट पसिबल' नाम दिएर अन्नपूर्णबाट सुरु गरेको अभियानमा विश्वका सबै १४ वटा आठ हजारमाथि उचाइ भएका हिमाल छ महिना छ दिनमा आरोहण गरेर सबै भन्दा छोटो अवधिमा आठ हजार मिटर अग्ला सबै हिमाल चढेको कीर्तिमान बनाउनुभएको थियो। अठार वर्षको उमेरमा सन् २००३ मा ब्रिटिश गोर्खा रेजिमेन्टमा भर्ती भएका निर्मलले सन् २००९ मा बेलायतको 'स्पेशल बोट सर्भिस एसबिएस' विशेष फौजमा आबद्ध हुनुभएको थियो । अक्सिजनबिना विश्वका १४ वटा आठ हजार मिटर अग्ला हिमाल दुई पटक आरोहण गर्ने कीर्तिमान बनाउने क्रममा पुर्जाको हिमपहिरोमा पुरिएर निधन भएको थियो ।

# एक दिवसीय योग, ध्यान, चक्रसाधना तथा कुण्डलिनी जागरण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं



पोखराको सिद्धपीठ विन्ध्यवासिनीको सभा कक्षमा एक दिवसीय योग, ध्यान, चक्रसाधना तथा कुण्डलिनी जागरण शिविर सम्पन्न भएको छ।

साधना शिविर आयोजक समितिका संयोजक महेश पराजुलीको अध्यक्षता एवम् ब्राह्मण समाज नेपालका केन्द्रीय अध्यक्ष प्रा. डा. नारायण प्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा संचालन भएको शिविरमा अन्तराष्ट्रिय ख्यातिप्राप्त मोटिभेसनल स्पिकर, लेखक तथा योग गुरु सञ्जिव मलिकले सहभागी साधकहरुलाई मानव शरीर भित्र भएका सात चक्र एवम् कुण्डलिनी उर्जाको सैद्धान्तिक वैज्ञानिक व्याख्या गर्नुका साथै सात चक्र जगाएर कुण्डलिनी शक्तिलाई सहस्र चक्रमा मिलन गराई मनुष्य शारीरिक, मानसिक एवम् आध्यात्मिक तापबाट मुक्त भई जीवनको परमलक्ष्य प्राप्ति गर्ने विधिहरु बारे दिनभर प्रशिक्षण गराउनु भएको थियो। उक्त कार्यहरुमा प्रमुख अतिथि डा. नारायण प्रसाद अधिकारीले कार्यक्रमको महत्व एवम् योग गुरु संजिव मलिकको व्यक्तित्वबारे प्रकाश पार्नु भएको थियो। शिविरमा सहभागी साधकहरु योगगुरु प्रमुख अतिथिलाई स्वागत आयोजक समितिका सल्लाहकार रामचन्द्र पौडेले गर्नु भएको थियो। साथै उहाँले योगगुरुको अभिनन्दन पत्र वाचन गर्नु भएको थियो । शिविरमा कास्की जिल्ला भित्रका विभिन्न क्षेत्रका १२० जना भन्दा वढी साधकहरुको सहभागिता रहेको थियो। सहभागी साधकहरु योग गुरु एवम् प्रमुख अतिथि लगायतका व्यक्तित्वलाई कार्यक्रमका संयोजक तथा अध्यक्ष महेश पराजुलीले धन्यवाद ज्ञापन गर्नु भएको थियो। कार्यक्रमको संचालन आयोजक समितिका सचिव कमला पौडेलले गर्नु भएको थियो । आत्मजागृति मिशन नेपालले यस शिविरको आयोजना गरेको थियो। आत्मा जागृति मिशनका संस्थापक अध्यक्ष योग गुरु संजिव मलिकको कुण्डलिनी जागरण, चक्रसाधना, योग ध्यानका माध्यम हजारौं साधकहरु लाभान्वित भएका छन्।


## फेवा प्रिन्स रेसिडेन्सीको वातावरणीय अध्ययन प्रतिवेदन उपर सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

प्रस्तावक श्री सि.ई.कन्स्ट्रक्सन प्रा. लि. बाट गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४. चाउथेमा आवासीय भवन निर्माण गर्ने उद्देश्यले फेवा प्रिन्स रेसिडेन्सी आयोजनाको संचालनका लागि वातावरणीय अध्ययन गर्ने सिलसिलामा स्थानीय वासिन्दा तथा सम्पूर्ण सबै सरोकारवाला व्यक्तिहरुलाई निम्न मिति, स्थान र समयमा हुने सार्वजनिक सुनवाई कार्यक्रममा उपस्थित भई राय सुझाव दिनुहुन् सबैमा हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनवाई हुने मिति, स्थान र समय**
**मितिः २०८३/०५/०७, समयः दिउँसो ३:३० बजे**
**स्थानः पोखरा महानगरपालिका वडा नं. १४, चाउथेको आयोजना क्षेत्र**

**आयोजक**
**सि.ई. कन्स्ट्रक्सन प्रा.लि.**
**काठमाण्डौ महानगरपालिका, वडा नं. ११, त्रिपुरेश्वर, काठमाण्डौ**
ईमेलः info@ce-construction.com



## हार्दिक समवेदना



**जन्मः**
**वि.सं. २०१२ माघ १९ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८३ श्रावण २८ गते**

**स्व. ऋषि बौद्धाचार्य**

**श्री सूर्य विनायक सिःगुठीका सदस्य मोहरिया टोल निवासी दिनेश बोद्धाचार्यकी ममतामयी माता ऋषि बौद्धाचार्यको ७१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज सातौं दिनको पुण्य तिथिमा सुखावती भुवनमा बासहोस भनी कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी कामना गर्दछौं।**

**तेजमान बुद्धाचार्य**
**नायों तथा**
**श्री सूर्य विनायक सिः गुठी परिवार**
**पोखरा, कास्की**


## पोखरा-१५ ...

समय महँगो र खर्चिलो बन्दै गइरहेको अवस्थामा स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका अस्पतालसँग समन्वय गरी नागरिकलाई राहत तथा सहुलियतका कार्यक्रम उपलब्ध गराउनु प्रशंसनीय भएको बताउनुभयो। उहाँले एक वडाबाट सुरु भएको यस्तो स्वास्थ्य पहुँच विस्तारको अभ्यासलाई क्रमशः अन्य वडा तथा क्षेत्रमा समेत विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।

समझदारी अनुसार दुवै पक्षका प्रतिनिधि सम्मिलित संयुक्त समीक्षा बैठक कम्तीमा त्रैमासिक रूपमा आयोजना गरी कार्यक्रमको उपलब्धि, चुनौती र सुधारका क्षेत्रबारे समीक्षा गरिनेछ। सम्झौता गैर-वित्तीय प्रकृतिको भएकाले कुनै पनि पक्षले अर्को पक्षलाई अनिवार्य रूपमा वित्तीय सहायता उपलब्ध गराउनुपर्ने छैन भने आवश्यक कार्यक्रमको स्रोत व्यवस्थापन आपसी सहमति र आ-आफ्नो क्षमताअनुसार गरिनेछ । वडाध्यक्ष तोरण बहादुर बानियाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको संचालन हरियो खर्कका एकदेव देवकोटाले गर्नु भएको थियो।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८३/०५/०३)**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जा रकमको साँवा व्याज संस्थासँग गर्नुभएको कर्जा सम्झौता बमोजिम बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक/लिखित तर-ताकेता गर्दा तथा विभिन्न मितिमा कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण तिर्नेतर्फ पूर्ण वेवास्ता गरी चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुँदा यो लिलाम विक्रिको सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिन सम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्वन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानाकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कानुन बमोजिम हुने व्यहोरा जानाकारी गराउँदै कर्जा सुरक्षणको रुपमा संस्थालाई धितोबन्धक लेखिदिएको तपशिलमा उल्लेख भए बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रचलित ऐन, कानुनले दिएको अधिकार प्रयोग गरी तल उल्लेखित मिति, समय र स्थानमा निर्धारित समयावधि भित्र पेश हुन आएका बोल कबोल मूल्यहरु डाँक बढावढको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ती खरिद गरिलिन ईच्छुक महानुभावहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै काणवश तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती अन्य व्यवस्था गरी बेचविखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिनसक्ने र उक्त सम्पत्तीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | कर्जा शिर्षक | ऋणीको व्यक्तिगत विवरण | जमानी बस्नेको विवरण |
|---|---|---|---|
| १ | आवास कर्जा | **नाम : राजेश गौतम**<br>बाबुको नाम : हरि प्रसाद गौतम<br>बाजेको नाम : खिम लाल गौतम<br>ठेगाना : पोखरा १५<br>ना.प्र.नं. : ४१०६४<br>जारी मिति : २०५२-११-२०<br>जारी जिल्ला : कास्की | **नाम : सुस्मा गौतम**<br>पति : राजेश गौतम<br>ससुरा : हरि प्रसाद गौतम<br>ठेगाना : पोखरा १५, कास्की |
| **धितो सुरक्षणमा रहेको सम्पत्तीको विवरणः** राजेश गौतमको नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको साविक ठुलास्वाँरा वडा नं. १ स्थित नक्सा सिट नं. ०९४०८८८० कि.नं. ३५५ कुल क्षेत्रफल ०-५-२-३ (रोपनी) /१८०.८४ व.मी. को जग्गा र कि.नं. ३५८ कुल क्षेत्रफल २-८-०-१ (रोपनी)/१२७३.८४ व.मि. को जग्गा। | | | |

**लिलाम डाँक बढाबढ हुने मिति, समय र स्थान :**
मिति : २०८३ असोज ०७ गते, बुधवार
समय : दिनको ३:०० बजे।
स्थान : संस्थाको कार्यालाय, पोखरा-०८, सभागृहचोक।

**धितो लेखिदिने तथा व्याक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तान गरी, गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन समेत यसै सूचना मार्फत जानाकारी गराईन्छ। उल्लेखित दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गरी वा संस्था आँफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आँफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा पछि मेरो, हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आँफैले सकार गरिलियो भनी कहिँ कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको कार्यालयमा सम्पर्क गर्नुहोला।

**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक, कास्की, नेपाल**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**
**ईमेल**: karmashilcooperative@gmail.com


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## नामथर फरक पर्न गएको सूचना



कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं.-७ निवासी दान बहादुर गुरुङको छोरा भारतीय भु.पु.सै.नं. ५७४३६६२ का सिपाही हर्क बहादुर गुरुङको श्रीमती मैता कुमारी गुरुङको ना.प्र.नं. १७८७ को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मैता कुमारी गुरुङ (Maita Kumari Gurung) र जन्ममिति वि.सं. २०१३/०४/१६ (ई.सं. १९५६-०७-३१) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रमितीको नामथर मैता कुमारी (Maita Kumari) र जन्ममिति ई.सं. १९५८-०२-१५ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्तिफरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि माछापुच्छ्रे गाउँपालिका ०७ नं. वडा कार्यालयको च.नं. १०० मिति २०८३/०४/२८ को सिफारिस पत्रबाट पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं ०४ निवासी भारतीय भु.पु.सै.नं.JC-90986M, 5/3 GR का चान बहादुर गुरुङको श्रीमती मन कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मन कुमारी गुरुङ उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर मन कुमारी उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि माछापुच्छ्रे गाउँपालिका ०४ नं. वडा कार्यालयको च.नं. १२६ मिति २०८३।०४।२८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा विरुवा गाउँपालिका वडा नं ०४ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं ५७५०१०७ M नायक दिल बहादुर थापाको श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपशिल वमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्वन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ७२ मिति २०८३/०३/११ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

| क्र.स. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | ना.प्र.मा जन्म मिति वि.सं. | सैनिक अभिलेखमा जन्म मिति ई.सं. | नाता |
|---|---|---|---|---|---|
| १ | विष्णु माया पोखेल | विष्णु माया | २०२३/०८/२७ | सन १९६३ | श्रीमती |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



